नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,

कैलाली

## मतदानको दिन प्रयोग गर्ने सवारी साधनको अनुमति लिने सम्बन्धी सूचना !!!

२०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सन्दर्भमा निर्वाचन आयोग, नेपालबाट सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत भई कार्यान्वयन भइरहेको छ । सो सम्बन्धमा मतदानको दिन (फागुन २१ गते) कार्यविधि अनुसार अनुमति पाएका सवारी साधन बाहेक कुनै पनि प्रकारका सवारी साधन प्रयोग गर्न नपाइने व्यहोरा अनुरोध गर्दै मतदानका दिन प्रयोग हुने सवारी साधनहरुको अनुमतिको लागि मतदानको दिन भन्दा २ (दुई) अगाडि देहाय बमोजिम प्रक्रिया पूरा गरी जिल्ला प्रशासन कार्यालय कैलालीबाट सवारी अनुमति प्राप्त गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

### आवेदन गर्न पाउने संस्था/निकायः

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि १ जना
२. सुरक्षाकर्मी
३. राष्ट्रिय पर्यवेक्षक
४. संवैधानिक निकायका जिल्लास्थित कार्यालयहरु
५. सञ्चार माध्यमहरु

### पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- सम्बन्धित निकाय वा संस्थाको आधिकारिक पत्र
- सवारी साधनको किसिम र नम्बर
- सवारी प्रयोगकर्ता र चालकको नाम
- उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले उम्मेदवार परिचयपत्रको प्रतिलिपि
- सवारी चालकको अनुमति पत्र र सवारीको बिल बुकको प्रतिलिपि
- सञ्चार माध्यमको हकमा नेपाल पत्रकार महासंघ जिल्ला शाखाको सिफारिस
- पर्यवेक्षकको हकमा निर्वाचन अधिकारीको सिफारिस

पुनश्चः कार्यविधिको दफा ११ बमोजिम एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दुध ढुवानी गर्ने सवारी, दमकल, दूरसंचार सेवा, शव वाहन, अस्पताल सेवा तथा विद्युत् सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी साधनको हकमा अनुमतिपत्र लिनु नपर्ने र सवारी पास लिई सञ्चालन गर्न सकिने बाहेक अन्य सबै सवारी साधनको आवतजावत निषेध गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

मिति : २०८२/११/१५

शिवराज जोशी
प्रशासकीय अधिकृत